# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६

स्वीकृत मितिः २०७६।०१।२४

**प्रस्तावना**

भुकम्प, भुक्षय, बाढी, पहिरो, आँधि वेरी, आगलागी, हुरी बतास, सुख्खा, अतिवृष्टि, हिमपात, असिना, महामारी, अनिकाल, हवाइ तथा सडक दुर्घटना, विषाक्त खाद्य सेवन आदि प्राकृतिक तथा गैर प्राकृतिक विपत्तिका यस्ता स्वरुपहरू हुन जुन विना सुचना जुनसुकै समयमा पनि घटन सक्ने भएकाले त्यस प्रति सचेत र पूर्व तयारी हुनु जरुरी हुन्छ । प्रकोप जन्य घटनाहरू घट्न नदिन, घटनालाई न्यूनीकरण गर्न र घटना घटि हालेमा यसलाई तत्काल उचित व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको हुने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड नं. मा उल्लेख भए अनुसारको कार्यहरू गर्नका लागि सोहि ऐनको दफा १०२ को उपदफा (१) बमोजिम विपद जोखिम न्यूनीकरण सम्बन्धी ऐन २०७५ तर्जुमा भैसकेकोले उक्त ऐनको कार्यान्वयनका लागि उपदफा (२) मा उल्लेख भए वमोजिमको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरिएको छ ।

## परिच्छेद : एक
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम **बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि , २०७६ लाई सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम स्थापना भएको कोषलाइ सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका ” भन्नाले बगनासकाली गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) “गाउँसभा” भन्नाले बगनासकाली गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले बगनासकाली कार्यपालिकालाइ सम्झनुपर्दछ ।

(च) “अध्यक्ष” भन्नाले बगनासकाली गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित बहालवाला गाउँपालिका अध्यक्ष वा गाउँपालिका अध्यक्षको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(छ) “उपाध्यक्ष” भन्नाले बगनासकाली गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित बहालवाला गाउँपालिका उपाध्यक्ष वा गाउँपालिका उपाध्यक्षको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ज) “समिति” भन्नाले बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम गठन गरिएको समिति सम्झनु पर्दछ ।

(झ) “कर्मचारी” भन्नाले बगनासकाली गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएका अधिकारीलाइ सम्झनु पर्दछ ।

(ट) “मन्त्रालय” भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाइ सम्झनु पर्दछ ।

(ठ) “संयोजक” भन्नाले बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम गठित समितिका संयोजकलाइ सम्झनु पर्दछ ।

(ड) “सदस्य सचिव” भन्नाले बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम गठन गरिएको समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ढ) “गैर सरकारी संस्था” भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरूलाइ सम्झनु पर्दछ ।

(ण) “दैवी प्रकोप” भन्नाले भुकम्प, भुक्षय, बाढी, पहिरो, आँधिबेरी, आगलागी, हुरीबतास, सुख्खा, अतिवृष्टि, हिमपात, असिना आदि प्राकृतिक तथा गैरप्राकृतिक कारणबाट आकस्मिक रुपमा घटित घटनालाइ सम्झनु पर्दछ ।

(त) “विपद्” भन्नाले कुनै स्थानमा आपत्कालिन अवस्था सिर्जना भइ जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्दछ ।

(थ) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी,आँधिबेरी, शीतलहर, चट्याङ, भूकम्प, हुरीबतास, सुख्खा वा यस्तै अन्य प्राकृतिक विपद्वाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्दछ ।

(द) “गैरप्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाइ, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्वाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्दछ ।

(ध) “पूर्वाधार” भन्नाले सडक, ढल, सडक पेटी, पुल, पुलेसा, नहर, कूलो, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय, सांस्कृतिक सम्पदाहरू आदिलाई सम्झनु पर्दछ ।

(न) “आर्थिक बर्ष” भन्नाले श्रावण १ गतेबाट शुरुभइ आषाढ मसान्तमा समाप्त हुने अबधिलाई सम्झनु पर्दछ ।

(प) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(फ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्‌को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्दछ र सो शब्दले तालिम प्राप्त मानवीय सहायता कर्मीलाई समेत जनाउँछ ।

(ब) "विपद् जोखिम न्यूनीकरण" भन्नालेविपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्‌वाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्दछ ।

(भ) "विपद् पुनर्लाभ"भन्नाले विपद्‌को घटना पछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापना सँग सम्बन्धित कार्य सम्झनु पर्दछ ।

(म) "विपद् प्रतिकार्य" भन्नाले विपद्‌को घटना घट्नासाथ तत्कालै गरिने खोज,उद्धार एवम् राहतसंग सम्बन्धितकार्य र विपद् प्रतिकार्यको पूर्वतयारीलाइ समेत सम्झनु पर्दछ ।

(य) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४, विपद व्यवस्थापन ऐन २०७४ तथा बगनासकाली गाउँपालिकाको विपद जोखिम न्युनीकरण सम्बन्धी ऐन २०७५ सम्झनु पर्दछ ।

## ३. कार्यविधिको उद्देश्य

यस कार्यविधिको प्रमुख उद्देश्य बगनासकाली गाउँपालिका भित्र आइपर्ने प्राकृतिक तथा गैर प्राकृतिक विपत्ति तथा दैवी प्रकोप जस्ता घटनाहरूको उचित व्यवस्थापन गर्नको लागि आवश्यक कार्यविधि तथा संरचना तयार गरी कार्यान्वयनमा लैजानु हो । यसका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) विपद्‌मा परेकाहरूको तत्काल उद्धारका निम्ती सहयोग पुऱ्याउने ।

(ख) राहतका निम्ती श्रोत साधनको व्यवस्था गर्ने ।

(ग) वार्षिक रुपमा विपद् व्यवस्थापन लगायतका अन्य सम्भावित जोखिमहरूको विवरण तयार गरी जोखिम न्यूनीकरणको लागि कार्यक्रमहरू तयार गर्ने ।

(घ) वर्तमानमा थोरै लगानी वा थोरै मेहनत गरेर भविष्यमा योजना तथा आयोजनाहरूमा हुने क्षति बचाउने ।

(ङ) विपद्‌मा परेकाहरूलाई राहत सामग्री र आर्थिक सहायता उपलब्ध गराउने ।

(च) विपद्‌मा परेकाहरूलाई अस्थायी बसोवास र खानपिनको व्यवस्था गर्ने ।

(छ) प्रकोपबाट क्षतिग्रस्त संरचनाको मर्मत सम्भार र पुनर्निर्माणमा सहयोग पुऱ्याउने ।

(ज) सर्वसाधारणलाई प्रकोपको रोकथाम र त्यसबाट बच्ने उपायहरूका सम्बन्धमा चेतना जगाउने उपायहरू अवलम्वन गर्ने ।

(झ) गाउँपालिका क्षेत्र भित्र पिडित सेवाग्राहीहरूको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

(ञ) विपद् व्यबस्थापनको लागि जिल्ला, प्रदेश, केन्द्र, र अन्य सरोकारवालाहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

## ४. कार्यविधिको प्रयोगकर्ता

यस कार्यविधिको प्रयोग देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्नेछन ।

(क) बगनासकाली गाउँपालिका, वडासमिति, गाउँपालिका क्षेत्र भित्रका नागरिक समाज, उपभोक्ता समिति, ठेकेदार, कर्मचारीहरू ।

(ख) गाउँपालिका क्षेत्र भित्रका टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, सामुदायिक संस्था तथा यस कार्यमा प्रयोग हुने व्यक्ति तथा समुदायहरू ।

(ग) गाउँपालिका क्षेत्र भित्र काम गर्ने राजनैतिक संयन्त्र, अनुसन्धान कर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन् ।

## ५. कार्यविधिको कार्य क्षेत्र र सीमा

यस कार्यविधिमा विपद् व्यवस्थापनकालागि आवश्यक पर्ने कानूनीका साथै व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई पनि समेट्न खोजिएको छ । बगनासकाली गाउँपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य सीमा बगनासकाली गाउँपालिकाको सबै क्षेत्रमा मात्र रहने छ । साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बगनासकाली गाउँपालिकाको विपद व्यवस्थापन ऐन २०७५ को प्रावधान समेत यसमा आकर्षित हुने हुँदा यो कार्यविधिलाई गाउँपालिका क्षेत्रमा काम गर्ने बिभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायले समेत मार्गदर्शनको रुपमा लिन सक्नेछन । साथै प्रस्तुत कार्यविधि अन्य स्थानीय तहको लागि समेत उपयोगी हुन सक्नेछ ।

## ६. विपद्का कारणहरू

विपद्का मुख्य कारणहरू देहाय अनुसार रहेको पाइन्छ ।

(क) गरिवी, (ख) अशिक्षा,
(ग) असन्तुलित निर्माण, (घ) प्राकृतिक श्रोतको जथाभावि प्रयोग,
(ङ) जनसंख्या बृद्धि, (च) अव्यवस्थित शहरीकरण,
(छ) साँस्कृतिक द्वन्द, (ज) बातावरण,
(झ) जनचेतनाको कमी ।

## ७. कानुनी आधार

प्रकोप जन्य घटनाहरू घट्न नदिन, घटनालाई न्यूनीकरण गर्न र घटना घटि हालेमा यसलाई तत्काल उचित व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ भन्ने कुरा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ को उपदफा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकारमा उल्लेख छ । उक्त परिच्छेदको दफा ११ को उपदफा (२) को खण्ड न. को वुँदा (१) देखि (१२) सम्ममा विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड वनाउने, विपद् पूर्वको

तयारी देखि विपद् पश्चातको पुनर्स्थापना र पुनर्निर्माण सम्म उल्लेख छ। प्रकोप जन्य घटनाको व्यवस्थापनमा स्थानीय तहहरूको भूमिका अहम् हुने भएकाले रिब्दीकोटगाउँपालिकामा पनि यस कार्यले प्राथमिकता पाउनु अपरिहार्य हुने हुदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड न. मा उल्लेख भए अनुसारको कार्यहरू गर्नका लागिसोहि ऐनको दफा १०२ को उपदफा (१) बमोजिमको ऐन (२) मा उल्लेख भए वमोजिमको अधिकार प्रयोग गरी यस बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७६ तर्जुमा गरिएको छ।

# परिच्छेद : दुई
# विपद् उद्धार सम्बन्धी व्यवस्था

## ८. नीति

बगनासकाली गाउँपालिका क्षेत्र भित्र खास गरी विपद्बाट हुने सम्भावित जोखिमलाई समयमानै पहिचान गरी हुन नदिने र यदि भइहालेमा त्यसबाट सिर्जित प्रभाव र असरलाई न्युनीकरण गर्ने र यथाशिघ्र पुनर्स्थापना र पुनर्निर्माणको नीति अवलम्वन गरिने छ।

## ९. रणनीति

बगनासकाली गाउँपालिकाको प्रकोप उद्धार तथा व्यवस्थापन सम्बन्धी रणनीति देहाय अनुसार अवलम्वन गरिने छ।

(क) गाउँपालिका क्षेत्र भित्र विपद्का जोखिमहरू न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने सुचना र प्रविधिको प्रयोग विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाको सहकार्यमा गरिने।

(ख) प्रकोप पिडितहरूलाई समयमा नै राहत र उद्धारका कार्यहरू परिचालनका लागि सरकारी, गैरसरकारी र नीजि क्षेत्रको सहकार्यलाई सुदृढ पारिने।

(ग) विकास निर्माण सम्बन्धी कार्यहरूमा वातावरणमैत्री प्रणालीको प्रयोग तथा विकासमा जोड दिने।

## १०. विपद् व्यवस्थापन कार्य नीतिहरू

बगनासकाली गाउँपालिकामा विपद् व्यवस्थापनका लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछ।

(क) विपद्मा परेकाहरूको उद्धार र राहत कार्य गर्दा यस कार्यसँग सम्वद्ध स्थानीय तह, जिल्ला, प्रदेश तथा केन्द्र र अन्य निकायहरूसँग समन्वय राखेर गर्ने तथा यसका लागि व्यवस्था मिलाउने।

(ख) विपद् सम्बन्धी कार्यहरू सञ्चालन गर्दा स्थानीय तहमा भएका विभिन्न निकाय र अन्य तहका निकायहरूसँग रहेको दक्ष जनशक्तिको प्रयोग गरी सरोकारवाला र नागरिक समाज समेतको सकृय सहयोग अवलम्बन गरिने छ।

(ग) विपद्मा परेकाका लागि उद्धार कार्य र राहत वितरण गर्दा स्थानीय तहमा भएका विभिन्न संघ सस्थाका स्वयम्सेवकहरूको समेत परिचालनमा जोड दिइनेछ ।

(घ) विपद्बाट पिडितलाई  राहत, उद्धार र पुनर्स्थापना जस्ता कार्य सम्पादन गर्नु पर्दा गाउँ तथा जिल्लास्तरमा रहेका सरकारी, गैरसरकारी र निजी क्षेत्र समेतको सहकार्य हुने संयन्त्रको विकास गरिने छ ।

(ङ)विपद्मा परेकाको उद्धारका निम्ति सामग्री र नगद जुटाउन सामाजिक संघसंस्था र दातृ निकाहरूको समेत सहयोग परिचालन गर्न आवश्यक प्रकृया अवलम्वन गरिने छ ।

(च) भुक्षय, बाढी,पहिरो  र नदी नियन्त्रण जस्ताकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि गाउँ, जिल्ला, प्रदेश तथा केन्द्रको सहयोग लिने नीति अवलम्वन गरिने छ ।

(छ) विपद् व्यवस्थापन शिर्षकमा विनियोजन भएको रकम कुनै पनि अवस्थामा अन्य शिर्षकमा खर्च नगर्ने नीति अवलम्वन गरिनेछ ।

(ज) विपद्मा परेकाहरूलाई सहयोग उपलब्ध गराउदा भरसक नगदमा भन्दा सामग्री नै उपलब्ध गराउने व्यवस्था गरिने छ ।

(झ) विपद्बाट सबैभन्दा बढि जोखिममा परेका र अति विपन्न वर्गहरूलाई पहिलो प्राथमिकता दिई उद्धार कार्य परिचालन गर्ने र राहत सामग्री उपलब्ध गराउने नीति अवलम्वन गरिने छ ।

(ञ) प्राकृतिक विपद्को अत्यधिक जोखिम रहेका क्षेत्रहरूको पहिचान गरी जोखिमलाइ क्रमशः कम गर्दै लैजानको निमित्त गर्नुपर्ने कार्यहरूलाइ प्राथमिकता दिइनेछ ।

## ११. विपद् व्यवस्थापनका चरणहरू

भुकम्प, वाढी, पहिरो, आगलागी, महामारी जस्ता प्रकोपबाट बर्षेनी ठूलो जनधनको क्षति बेहोर्नु परिरहेको छ । अझ भुकम्पीय जोखिम क्षेत्रमा समेत परेको हाम्रो देशमा सो लगायत अन्य प्राकृतिक विपद् न्युनीकरणको लागि यथेष्ट र भरपर्दो व्यवस्था गर्न सकिएको छैन । प्राकृतिक विपद् व्यवस्थापनलाई व्यवस्थित रुपमा परिचालन गर्नका लागि व्यवस्थापन प्रक्रियाका चरणहरूका वारेमा जान्नु आवश्यक हुने हुदा यसका चरणहरूलाइ देहाय बमोजिम उल्लेख गरिएको छ ।

### (क) पूर्व तयारी

भविश्यमा घटन सक्ने घटना प्रति सजक भएर हुन सक्ने क्षति कम गर्न र उद्धारकार्यलाई प्रभावकारी तथा व्यवस्थित गर्न उद्धार सामग्रीहरूको संग्रह गर्ने, सबै क्षेत्रको सामुहिक सहयोग परिचालन गर्न सूचना आदान प्रदान गर्ने, पूर्व सूचना दिन सक्ने संयन्त्रको भरपर्दो रुपमा विकास गर्ने, कमजोर तथा संवेदनशील स्थान तथा क्षेत्रहरूको विशेष निगरानी राख्ने आदि काम यस चरण अन्तर्गत गरिन्छर यसैको आधारमा उद्धार कार्यलाई व्यवस्थित र भरपर्दो बनाउन सकिन्छ ।

### (ख) उद्धार

घटना घटेको जानकारी प्राप्त हुनासाथ उद्धारका लागि तयार हुने, घटना स्थलमा उद्धार सामग्री र उद्धारकर्ता पुर्‍याउने, घटनाको र घटनास्थलको वास्तविक सूचना शिघ्र उपलब्ध गराउने, बचाउन सकिने जनधनलाइ पहिलो प्राथमिकता दिइ उद्धार कार्य गर्ने, असुरक्षित क्षेत्रबाट मानिसहरूलाई सुरक्षित स्थानतर्फ लैजाने र आकस्मिक सहयोगहरू जुटाउने कार्य यस चरण अन्तर्गत पर्दछन र यो नै प्रारम्भिक उद्धार कार्य हो ।

**(ग) पिडा साम्य**

प्रकोपका कारणले मानिसमा पर्न सक्ने र पर्न गएको शारिरीक, मानसिक र अन्य भौतिक पिडा कम गर्न वा साम्य पार्न गरिने कार्य पिडा साम्य हो । यस्मा कुनै घटना घटननदिन जनचेतना जागृत गराउने खालका कार्य गर्नु, सम्भावित खतराबाट बच्नका लागि आवश्यक कार्य गर्नु र घटना घटिसकेपछि पिडालाई विर्साउनका लागि सान्त्वना दिनु तथा पिडा कमगर्न गरिने विविध कार्यहरू यस चरणको कार्य अन्तर्गत पर्दछन ।

**(घ) पुनर्स्थापना**

विपद्बाट परेको प्रभावको मुल्याकन गर्ने, प्रभावितहरूलाई पूर्ववत अवस्थामा पुऱ्याउन विभिन्न किसिमको सहयोगहरू गर्ने, सरसल्लाह दिने र हौसला बढाउने, पुनर्स्थापना सम्बन्धी योजना तर्जूमा गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यहरू यस चरण अन्तर्गत पर्दछन ।

**(ङ) पुन निर्माण**

प्रकोपको कारणले नोक्सान भएका भौतिक संरचनाको विवरण संकलन गर्ने, भौतिक संरचना पुन निर्माणका लागि योजना वनाउने, निर्माणका लागि लगाानी गर्ने, विग्रिएका सबै सेवाहरूको पुनसञ्चालन गर्ने कार्य यस चरण अन्तर्गत पर्दछन । यसरी प्रकोप उद्धार तथा व्यवस्थापनको निश्चित चरणहरू रहेका छन । प्रकोपको प्रकृति अनुसार सबै चरणहरू उत्तिकै उपयोगी र परिचालन नहुन पनि सक्दछन तर मूल रुपले यसलाई नै आधार मानि प्रकोप व्यवस्थापनलाइ व्यवस्थित तथा प्रभावकारी वनाउन सकिन्छ ।

## १२. विपद् सम्बन्धी कार्यक्रमहरू

विपद्मा परेकाको उद्धार तथा व्यवस्थापनका लागिदेहाय अनुसारका कार्यक्रमहरू गर्न सकिनेछ ।

(क) गाउँस्तरीय रणनितिको तर्जुमा र कार्यान्वयन,

(ख) सचेतना कार्यक्रम संचालन,

(ग) प्रकोप व्यवस्थापन क्षमतामा अभिबृद्धि कार्यक्रम,

(घ) प्रकोप पिडितलाई उद्धार, राहत र पुनर्स्थापनाको पूर्व तयारी,

(ङ) उद्धार राहत कार्यक्रमको अध्ययन, अनुसन्धान तथा विश्लेषण कार्यक्रम,

(च) प्रकोप रोकथाम,

(छ) प्रकोप न्यूनीकरण,

(ज) कमजोर तथा संवेदनशील स्थान तथा क्षेत्रहरूको विशेष निगरानी,

(झ) पूर्व सूचना दिन सक्ने संयन्त्रको भरपर्दो रुपमा विकास,

(ञ) प्रकोपबाट क्षतिग्रस्त संरचनाको मर्मत सम्भार र पुनर्निर्माणमा सहयोग,

(ट) विपद् ब्यबस्थापनको लागि जिल्ला, प्रदेश, केन्द्र, र अन्य सरोकारवालाहरूसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

## १३.विपद्पूर्व तयारी सम्बन्धी कार्यक्रमहरू

गाउँपालिकाले विपद् उद्धार तथा व्यवस्थापनका लागि देहाय अनुसारका पूर्व तयारीका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

### (क)संगठनात्मक व्यवस्था

बगनासकाली गाउँपालिकाले विपद् उद्धार तथा व्यवस्थापनका लागि कार्यालयमा त्यस सम्बन्धी कार्य हेर्ने छुट्टै इकाइ वा शाखा व्यवस्था गर्न सक्नेछ । छुट्टै इकाइ वा शाखाको स्थापना नहुदा सम्म गाउँपालिकाले कुनै शाखा वा इकाइलाइ विपद् सम्बन्धी कार्य समेत गर्ने गरी जिम्मेवारी तोक्नु पर्नेछ ।

### (ख) जनशक्ति व्यवस्था

शाखा वा इकाइको व्यवस्था भएपछि सो कार्य गर्नका लागि योग्य जनशक्तिको जरुरी रहन्छ । यस किसिमको कार्य सम्पादन गर्नका लागि गाउँपालिका स्वयं वा अन्य संघसंस्था तथा स्थानीय तह सँग मिलेरविशेष टोली गठन गरि तालिमको व्यवस्था सहित आवश्यकश्रोत साधनको व्यवस्था मिलाउनु पर्नेछ ।

### (ग) आवश्यक बजेटको व्यवस्था

गाउँपालिकाले विनियोजन गरेको वजेटको साथै अन्य निकायहरूबाट पनि आपद्कालका लागि रकम संकलन गरि राख्ने व्यवस्था मिलाउन विपद् जुनसुकै बेला पनि पर्न सक्ने हुदा त्यसका लागिरकमको अभाव नहुने अवस्था श्रृजना गर्न प्रयत्न गरिने छ ।

### (घ) साधनको व्यवस्था

प्रारम्भिक उद्धारका लागि आवश्यक पर्ने सामाग्रीहरूको व्यवस्था कार्यालयमा तयारी हालतमा राखि राख्ने प्रयत्न रहन्छ । जुनसुकै बेलामा प्रयोगमा लैजान सक्ने गरी कार्यालयमा भण्डारणको व्यवस्था मिलाउन आवश्यक रहन्छ ।

### (ङ) जोखिम स्थानको पहिचान

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र जोखिम स्थानहरूको पहिचान गर्नेछ । यसका लागि अद्यावधिक विवरण तथा भविष्यमा घटन सक्ने सम्भावित घटनाहरूको बारेमा पनि जानकारी राख्ने छ ।

### (च) अध्ययन विश्लेषण

विपद् सम्बन्धी घटनाहरूको अध्ययन तथा विश्लेषण जस्ता कार्यहरू पनि गाउँपालिकाले गर्नु पर्दछ जसले गर्दा गाउँवासीहरूले आवश्यक जानकारी प्राप्त गरी त्यस किसिमका घटनाबाट सचेत र सजग रहन सकुन ।

### (छ) जनचेतना अभिबृद्धि एवम् प्रशिक्षण कार्यक्रम

स्थानीय तहमा विपद्बाट बच्नका लागि विभिन्न प्रकारका जनचेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ । विभिन्न संघ संस्थाहरूको सहयोगमा पनि यस प्रकारकाकार्यक्रम गर्न सकिन्छ । प्रकोपबाट बच्नका लागि स्थानीयहरूलाई प्रशिक्षण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दा महिला, बालबालिका र जेष्ठ नागरीकहरूलाई समेत सहभागी गराउनेत्यसै गरीगाउँ क्षेत्र भित्रका विद्यालय तथा शिक्षण संस्थाहरूमा पनि प्रकोप व्यवस्थापन र प्रकोपबाट बच्नेवा जोगिने विषयहरूको ज्ञान दिनु पर्दछ ।

## १४. विपद् व्यवस्थापनको बर्गिकरण

प्रकोप उद्धार तथा व्यवस्थापनको चरणलाइ हेर्दा यस अन्तर्गतका कार्यहरूलाइमुख्य रुपले निम्न दुइभागमा विभाजन गर्न सकिन्छ ।

### (क) विपद् पूर्व गरिने कार्य

यस अन्तर्गत निम्न कार्यहरू पर्दछन ।

(१)सम्भावित घटनाका वारेमा पूर्व सूचना एव्म जानकारी प्राप्त गर्नु ।

(२)त्यसबाट प्रभावित हुन सक्ने सम्भावित जनसमुदायहरूलाई पूर्व जानकारी दिनु ।

(३)पूर्व रोकथामका लागि सम्भाव्य उपायहरू पत्ता लगाउनु ।

(४)सम्भावित जोखिमबाट बच्ने उपायका सम्बन्धमा सर्वसाधारणहरूलाई प्रशिक्षण दिनु ।

(५)व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्नु ।

(६)संगठनात्मक संरचनाको व्यवस्था गर्नु ।

(७)रोकथाम, नियन्त्रण र राहत लगायतका विषयहरूमा योजनाबद्ध व्यवस्था गर्नु ।

(८)श्रोत साधन र जनशक्तिको व्यवस्था गर्नु ।

(९)उद्धार दलमा संलग्न हुने व्यक्तिलाई तालिम र प्रशिक्षण दिनु ।

### (ख) विपद् पश्चात गर्नु पर्ने कार्य

यस अन्तर्गत निम्न कार्यहरू पर्दछन ।

(१)खोजतलास,औषधी उपचार तथा उद्धार सम्बन्धी कार्यहरू ।

(२)सडक,राजमार्ग,हवाईमार्ग आदिको क्षति तुरुन्त हटाई यातायात सुचारु गर्ने ।

(३)खाद्यान्न एव्म पानीको व्यवस्थाका साथै संचार एव्म विद्युत सेवा सुचारु गर्ने ।

(४)बसोवास एव्म लत्ता कपडाको व्यवस्था मिलाउने ।

(५)आपतकालिन आर्थिक सहयोग प्रदान गर्ने ।

(६) विपद् ब्यबस्थापनको लागि जिल्ला, प्रदेश, केन्द्र, र अन्य सरोकारवालाहरूसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(७) प्रकोपमा परेकाहरूलाइ सल्लाह सुझाब र सान्त्वना प्रदान गरी आत्मवल बलियो बनाउने ।

(८)अल्पकालिन र दीर्घकालिन पुनर्निर्माणका लागि योजनाबद्ध ढंगले काम शुरु गर्ने ।

(९)पुन निर्माण र पुनसंरचना कार्य सम्पन्न गर्ने ।

## १५. विपद् व्यवस्थापनमा विभिन्न निकायहरूको भूमिका

विपद् व्यवस्थापनका लागिगाउँपालिकाको अतिरीक्त अन्य देहायका निकायहरूको समेत महत्वपूर्ण भुमिका रहने छ ।

- जिल्ला प्रशासन कार्यालय,
- नेपाल प्रहरी(जिल्ला कार्यालय तथा स्थानीय युनिट),
- सशस्त्र प्रहरी,
- नेपाली सेना,
- गाउँपालिकामा क्रियाशील विभिन्न संघसंस्थाहरू,
- गाउँपालिका सँग सिमाना जोडिएका अन्य गाउँ तथा नगरपालिकाहरू,
- जिल्ला विपद् व्यवस्थापन समिति,
- प्रदेश विपद् व्यवस्थापन समिति तथा प्रदेश सरकार,
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा केन्द्र सरकार,
- रेडक्रस,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू,
- अन्य सरोकार वाला निकायहरू ।

# परिच्छेद : तीन
# कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

## १६. कोषको स्थापना र खाता सञ्चालन

(क) गाउँपालिकामा एक विपद् व्यवस्थापन विशेष कोष स्थापना गरिनेछ । उक्त कोषमा देहाय अनुसारका रकमहरू रहनेछन् ।

(१) विपद् व्यवस्थापन विशेष कोषका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(२) प्रत्येक आर्थिक वर्षमा गाउँ सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजनगरेको रकम,

(३) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(४) गाउँ सभाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(५) प्रदेश तथा नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि विनियोजित रकम,

(६) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

(ख) तोकिएको बैंकमा "विपद् व्यवस्थापन विशेष कोष" नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

(ग) यस कोषको खाता सञ्चालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

## १७. कोषको प्रयोग

यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

(क)गाउँस्तरीय नीति तथा रणनीतिको तर्जुमा,

(ख) सचेतना कार्यक्रम संचालन,

(ग) प्रकोप व्यवस्थापन क्षमतामा अभिबृद्धि कार्यक्रम,

(घ)प्रकोप रोकथाम,

(ङ)प्रकोप न्यूनीकरण,

(च)कमजोर तथा संवेदनशील स्थान तथा क्षेत्रहरूको विशेष निगरानी,

(छ)पूर्व सूचना दिन सक्ने संयन्त्रको विकास,

(ज)खोजतलास,औषधी उपचार तथा उद्धार सम्बन्धी कार्यहरू,

(झ)प्रकोप पिडितलाई उद्धार, राहत र पुनर्स्थापनाको पूर्व तयारी,

(ञ)प्रकोप व्यवस्थापन सम्बन्धी काम गर्ने संस्थाहरू वीच समन्वय र कार्यमा स्तरीयता ल्याउननिरन्तर सुपरीवेक्षण र अनुगमन,

(ट)सामाजिक सचेतना तथा सहभागितामुलक कार्यक्रम संचालन,

(ठ)अल्पकालीन र दीर्घकालीन पुनर्निर्माण,

(ड)पुन निर्माण र पुनसंरचना सम्बन्धी कार्य ।

## १८. नपुग रकमको व्यवस्था

रकम अभाव भई प्रकोप व्यवस्थापन कार्यक्रमहरूमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि गाउँपालिकामा आवश्यक व्यवस्थाका लागि सिफारिस सहित पेश गर्नु पर्नेछ ।

## १९. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने

आगामी आर्थिक वर्षमा विपद् व्यवस्थापन विशेष कोषका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन गाउँ सभामा वजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

## २०. श्रेस्ता सम्बन्धी व्यवस्था

(क)कार्यालयले कोषको आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

(ख)समितिले प्रशासनिक खर्च गाउँ सभावाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

(ग)सभावाट उपलब्ध गराउने वजेटको रकम तोकिएको क्षेत्रवाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

## २१. बैठक भत्ता

विपद् व्यवस्थापन विशेष कोषका पदाधिकारीहरूले वैठकमा भाग लिए वापत गाउँ सभाबाट तोकिए बमोजिमको मात्र वैठक भत्ता पाउने छन् ।

## २२. लेखापरीक्षण

विपद् व्यवस्थापन विशेष कोषबाट भएको आय व्ययको आन्तरिक र अन्तिम लेखापरीक्षण गाउँपालिकाको लेखापरीक्षण संगसंगै सोहि लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

## परिच्छेद : चार

## कार्यान्वयन व्यवस्थापन, समितिको गठन र अन्य व्यवस्था

### २३. कार्यान्वयन व्यवस्थापन

(क) विपद् व्यवस्थापन सम्बन्धी काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे बमोजिम हुनेछ ।तर यस किसिमको कार्य गर्नका लागि गाउँ कार्यपालिकाको पूर्व स्वीकृती भने लिनु पर्नेछ ।

(ख) बगनासकाली गाउँपालिकामा विपद् व्यवस्थापन कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरू संयोजक तथा सदस्य रहने गरी एक समितिको गठन गरिनेछ ।

| | |
|---|---|
| (१) गाउँपालिकाका अध्यक्ष | - संयोजक |
| (२) गाउँपालिकाका उपाध्यक्ष | - सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (४) १ महिला सहित २ जना गाउँ कार्यपालिका सदस्यहरू | - सदस्य |
| (५) विषयगत समितिका संयोजकहरू | - सदस्य |
| (६) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (७) सामाजिक महाशाखा/शाखा प्रमुख | - सदस्य |
| (८) पूर्वाधार विकास महाशाखा/शाखा प्रमुख | - सदस्य |
| (९) प्रमुख वा प्रतिनिधि, संघीय सुरक्षा निकायहरूवाट | - सदस्य |
| (१०) प्रमुख वा प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय वाट | - सदस्य |
| (११) विपद् ब्यवस्थापन हेर्ने महाशाखा/शाखा प्रमुख | - सदस्य सचिव |

गाउँपालिकाले आवश्यक ठानेमा सानो Task Force गठन गर्न सक्नेछ ।

(ग)यस कार्यविधिबमोजिम गठित समितिमा गाउँ कार्यपालिकामा रहेका तथा गाउँपालिका क्षेत्र भित्र रहेका अन्य व्यक्ति तथा संघसंस्थाहरूलाई समेत समावेश गर्न सकिनेछ । त्यस्तै किसिमले समितिको नियमित वैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई समेत आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(घ)आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

(ङ)आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

(च)कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमाबैठकको गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गर्नुपर्दछ । सर्वसम्मत निर्णय हुन

नसकेमा कुल सदस्य संख्याको बहुमतको निर्णयलाइ समितिको निर्णयको रुपमा मान्नुपर्नेछ । मत वरावर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

## २४. समितिको बैठक

(क) सामान्यतयासमितिको बैठक चौमासिक रुपमा र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ ।

(ग) सदस्य सचिवले समितिको वैठक वस्ने मिति, समय र स्थान तोकी वैठकमा छलफल हुने विषयसूची सहितको सूचना वैठक वस्ने समय भन्दा चौविस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(घ) आकस्मिक रुपमा वैठक वस्नुपर्ने अवस्था भएमा संयोजकले जुनसुकै वेलापनि वैठक वोलाइ कम्तिमा एक जना सदस्य र सदस्य सचिव सहितको उपस्थितिमा आवश्यक निर्णय लिन सक्नेछ तर यस किसिमको बैठकबाट भएको निर्णयहरूलाई पछिल्लो बैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

(ङ) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

## २५.समितिको काम, कर्तव्य र अधिकार

विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्वाट स्वीकृत राष्ट्रिय नीति, योजना र कार्यक्रम एवम्राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिवाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने र गाउँ सभावाट स्वीकृत भए अनुसारका कार्यक्रमहरू कार्यान्वयन गर्ने,

(ख) गाउँपालिकालाइ कोषको खातामा जम्मा गर्नु पर्ने रकम विनियोजन गर्न लगाउने,

(ग) विपद् व्यवस्थापन कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका साथै सामाजिक संघ संस्थाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयम्सेवक, सामाजिक परिचालक तथा समुदायलाइ विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत कार्यविधि वा मापदण्ड पालना गराउने,

(च) विपद् प्रतिकार्यका लागि आपत्कालिन नमूना अभ्यास गर्ने, गराउने,

(छ) कोषको लागि बार्षिक रुपमा आवश्यक पर्ने ,यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने गराउने,

(ज) विपद् व्यवस्थापनको लागि दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्ने,

(झ) जोखिम क्षेत्रका बासिन्दाहरूलाई पूर्व जानकारी तथा चेतावनी दिने,

(ञ) प्रकोप पिडितहरूको उद्धार तथा राहतका लागि सामाग्रीको व्यवस्था गर्ने,
(ट) जनचेतना अभिबृद्धि गराउने कार्यक्रमको नियमित कार्यान्वयन गर्ने,
(ठ) तथ्याङ्क संकलन र कार्यान्वयन गर्ने गराउने,
(ड) प्रकोपबाट पिडित हुन सक्ने बासिन्दाहरूको समयमा नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,
(ढ) प्राकृतिक विपद् उद्धार तथा राहतका लागि व्यवस्थापकीय क्षमताको विकास, अध्ययन, अनुसन्धान तथा सर्वेक्षणको व्यवस्था गर्ने,
(ण) प्रकोपघटेको स्थान सम्म सार्वजनिक यातायातको व्यवस्था मिलाउने,
(त) प्रकोप व्यवस्थापन कार्यको रेखदेख, अनुगमन तथा मुल्यांकनगर्ने,
(थ) कोषमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने,
(द) कोषको आय व्यय सम्बन्धी हर हिसावको लेखापरीक्षण गराई सो को प्रतिवेदन गाउँपालिका मार्फत गाउँ सभामा पेश गर्ने,
(ध) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारी लगायत खर्चको व्यवस्था गाउँपालिका कार्यालयबाटै गर्ने व्यवस्था मिलाउने,
(न) प्रत्येक चौमासिकको अन्त्यमावा विशेष किसिमको कार्यक्रम भएमा कोषमा जम्मा भएको तथा कोषबाट खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने/गराउने,
(प) विकास साझेदार तथा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसंग गाउँपालिकाको सहमतिमा कार्यक्रमहरू उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने,
(फ) खोजतलास,औषधी उपचार तथा उद्धार सम्बन्धी कार्यको व्यवस्थापन गर्ने,
(ब) प्रकोप पिडितलाई उद्धार, राहत र पुनर्स्थापनाको पूर्व तयारी गर्ने,
(भ) अल्पकालीन र दीर्घकालीन पुनर्निर्माणका लागि प्रवन्ध गर्ने,
(म) पुन निर्माण र पुनसंरचना सम्बन्धी कार्य गर्ने,
(य) कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समितिको निर्णय अनुसारविपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने गराउने ।

## २६.समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

### (क) संयोजकको काम, कर्तव्य र अधिकार

(१) समितिको बैठकको अध्यक्षता गर्ने,
(२) विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण गतिविधिहरूको नेतृत्व गर्ने,
(३) कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने,
(४) कार्यक्रमहरूको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने,
(५) समितिबाट पारित बार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी गाउँ सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

### (ख)सदस्यको काम, कर्तव्य र अधिकार

(१) समितिको बैठकमा नियमित रुपमा भाग लिने,

(२) निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(३) विपद् व्यवस्थापन कार्यलाइ सहयोग पुग्ने गरी कार्यक्रमहरूको प्रस्ताव गर्ने,

(४) समितिको निर्णयअनुसार अन्य आवश्यक कार्य गर्ने गराउने ।

### (ग)सदस्य सचिवको काम, कर्तव्य र अधिकार

(१) कोषको कार्यालय सञ्चालन गर्ने,

(२) बैठकको निर्णय अभिलेख गरी राख्ने,

(३) बैठकको निर्णय कार्यान्वयन गर्ने,

(४) समितिको निर्णयअनुसार कार्य सञ्चालन गर्ने गराउने,

## परिच्छेद : पाँच
## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन र अन्य व्यवस्था

### २७. वडा स्तरीय विपद् व्यवस्थापन समिति

(क) बगनासकाली गाउँपालिकाको प्रत्येक वडामा एक वडा स्तरीयविपद् व्यवस्थापन समिति रहने छ । उक्त समितिमा देहाय बमोजिमका पदाधिकारीहरू संयोजक तथा सदस्य रहने छन ।

| | |
|---|---|
| (१) वडा अध्यक्ष | - संयोजक |
| (२) वडा सदस्यहरू | - सदस्य |
| (३) वडा भित्र रहेकाविषयगत शाखा/इकाई कार्यालय प्रमुखहरू- सदस्य | |
| (४) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू | - सदस्य |
| (५) राष्ट्रिय मान्यता प्राप्त दलका वडा स्थित प्रमुख वा प्रतिनिधि | - सदस्य |
| (६) स्थानीय रेडक्रस | - सदस्य |
| (७) वडा भित्र क्रियाशील संघसंस्थाका २ महिला सहित ४ जना प्रतिनिधि | - सदस्य |
| (८) वडा सचिव | - सदस्य सचिव |

(ख) यस कार्यविधिबमोजिम गठित समितिमा वडामा रहेका तथा वडा क्षेत्र भित्र रहेका अन्य व्यक्ति तथा संघसंस्थाहरूलाई समेत समावेश गर्न सकिनेछ । त्यस्तै किसिमले समितिको नियमित वैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई समेत आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(ग) आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

(घ) आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

(ङ) कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गर्नुपर्दछ । सर्वसम्मत निर्णय हुन नसकेमा कुल सदस्य संख्याको बहुमतको निर्णयलाइ समितिको निर्णयको रुपमा मान्नुपर्नेछ । मत वरावर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

## २८. समितिको बैठक

(क) सामान्यतया समितिको बैठक चौमासिक रुपमा र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ ।

(ग) सदस्य सचिवले समितिको वैठक वस्ने मिति, समय र स्थान तोकी वैठकमा छलफल हुने विषयसूची सहितको सूचना वैठक वस्ने समय भन्दा चौविस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(घ) आकस्मिक रुपमा वैठक वस्नुपर्ने अवस्था भएमा संयोजकले जुनसुकै वेलापनि वैठक वोलाइ कम्तिमा एक जना सदस्य र सदस्य सचिव सहितको उपस्थितिमा आवश्यक निर्णय लिन सक्नेछ तर यस किसिमको बैठकबाट भएको निर्णयहरूलाई पछिल्लो बैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

(ङ) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

## २९. समितिको काम, कर्तव्य र अधिकार

वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम संचालनका लागि गाउँ विपद् व्यवस्थापन समितिमा पेश गर्ने र  गाउँ सभावाट स्वीकृत भए अनुसारका कार्यक्रमहरू कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू संचालन गर्ने,

(ग) विपद् व्यवस्थापन कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका साथै सामाजिक संघ संस्थाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत कार्यविधि वा मापदण्ड पालना गराउने,

(च) विपद् प्रतिकार्यका लागि आपत्कालिन नमूना अभ्यास गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनको लागि दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्ने,

(ज) जोखिम  क्षेत्रका बासिन्दाहरूलाई पूर्व जानकारी तथा चेतावनी दिने,

(झ) जनचेतना अभिबृद्धि गराउने कार्यक्रमको नियमित कार्यान्वयन गर्ने,
(ञ) तथ्याङ्क संकलन र कार्यान्वयन गर्ने गराउने,
(ट) प्रकोपबाट पिडित हुन सक्ने बासिन्दाहरूको समयमा नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,
(ठ) प्रकोपघटेको स्थान सम्म सार्वजनिक यातायातको व्यवस्था मिलाउने,
(ड) प्रकोप व्यवस्थापन कार्यको रेखदेख, अनुगमन तथा मुल्यांकन गर्ने,
(ढ) खोजतलास,औषधी उपचार तथा उद्धार सम्बन्धी कार्यको व्यवस्थापन गर्ने,
(ण) प्रकोप पिडितलाई उद्धार, राहत र पुनर्स्थापनाको पूर्व तयारी गर्ने,
(त) अल्पकालीन र दीर्घकालीन पुनर्निर्माणका लागि प्रवन्ध गर्ने,
(थ) पुन निर्माण र पुनसंरचना सम्बन्धी कार्य गर्ने,
(द) गाउँ विपद् व्यवस्थापन समितिको निर्णय अनुसारविपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद : छ
## विविध

### ३०. तत्काल खरीद तथा निर्माण र प्रयोग गर्न सकिने

(क) विशेष परिस्थितिमा परी विपद्वाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलव्ध गराउन तथा भइरहेको विपद्वाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामाग्री खरीद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरीद नियमावली, २०६४ को दफा १४५ मा रहेको विशेष परिस्थितिमा खरीद गर्ने सम्बन्धी व्यवस्था वमोजिम गाउँ कार्यपालिकाले खरीद वा निर्माण कार्य गर्न सक्नेछ ।

(ख) विपद्वाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलव्ध गराउन तथाभइरहेको विपद्वाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्र भित्रको कुनै गैर सरकारी कार्यालय वा अन्य संघसंस्था र व्यक्तिको चल अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा गाउँपालिकाले सो को अभिलेख राखि तोकिएको अवधिभरको लागि अस्थायी तवरले उपयोग गर्न सक्नेछ । तर त्यस्तो सम्पत्ति वा वस्तु प्रयोग वा उपयोग गरे वापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनुपर्नेछ ।

(ग) विपद्वाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलव्ध गराउन गाउँपालिका क्षेत्रभित्रको कुनै गैर सरकारी कार्यालय वा अन्य संघसंस्था र व्यक्तिको खाद्यान्न, लत्ता कपडा, औषधि वा अन्य वस्तु आवश्यक भएमा गाउँपालिकाले सो को अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सक्नेछ ।तर त्यस्तो सम्पत्ति वा वस्तु प्रयोग वा उपयोग गरे वापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनुपर्नेछ ।

### ३१. राहतको न्यूनतम मापदण्ड सम्बन्धीव्यवस्था

विपद् प्रभावित व्यक्तिलाइ नेपाल सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त गाउँपालिकाले मापदण्ड वनाइ आन्तरिक श्रोतवाट थप राहत उपलव्ध गराउन सक्नेछ। मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषयहरू पनि समावेश भएको हुनु पर्नेछ ।

(क) विपद्वाट प्रस्तावित व्यक्तिलाइ अस्थाइ आश्रयस्थलमा राख्दा उपलव्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्वाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षतिहुने व्यक्तिलाई उपलव्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, वालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधनको लागि विशेष राहत प्याकेजहरू,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत वाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमवाट पिडितको जिविकोपार्जन सम्बन्धी,

(च) गैर सरकारी वा व्यक्तिगत रुपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहत संग सम्बन्धीत अन्य उपयुक्त विषय ।

## ३२. कसूर तथा सजाय

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २४ मा विपद् घटाउने जिम्मेवार कसूरदार व्यक्तिलाई देहाय बमोजिमको सजाय हुने उल्लेख छ।

(क) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच लाख रुपैया सम्म जरिवाना वा दुइ बर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(ख) कुनै विपद्को घटना घट्न सक्ने अफवाह फैलाइ सार्वजनिक रुपमा त्रास श्रृजना गरेमात्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार एक लाखसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(ग) अनुमति लिइ वा नलिइ विपद्का नाममा चन्दा, राहत वा सहयोग संकलन गरेमा, आफूखुशी वितरण गरेमा वा व्यक्तिगत लाभमा प्रयोग गरेमात्यस्तो व्यक्तिलाइ कसूरको मात्रा अनुसार एक लाख रुपिया सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(घ) विपद्को समयमा अप्राकृतिक रुपमा वजार मूल्य वृद्धि गरेमा वा कृत्रिम अभाव श्रृजना गरेमा वा गुणस्तरहीन वस्तु तथा सेवाको कारोवार गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार एक लाख रुपिया सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(ङ) यस ऐन अन्तर्गतको कुनै कार्य गर्न नेपाल सरकार, परिषद्, प्राधिकरण वा यस ऐन बमोजिम गठित कुनै समिति वा त्यस्तो कार्यको लागि अख्तियारी प्राप्त व्यक्तिलाई आफ्नो कर्तव्य गर्न वाधा पुऱ्याएमात्यस्तो व्यक्तिलाइ पचास हजार रुपिया सम्म जरिवानाहुनेछ।

(च) यस ऐन कार्यान्वयन गर्ने सम्बन्धमा जारी भएका आदेश वा निर्देशन पालना नगरेमात्यस्तो व्यक्तिलाइ पचास हजार रुपिया सम्म जरिवानाहुनेछ ।

(छ) राहत सामाग्री वितरणमा अवरोध गरेमा वा राहत सामाग्रीको दुरुपयोग गरेमा त्यस्तो व्यक्तिलाइ पचास हजार रुपिया सम्म जरिवाना हुनेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि कसैको कारणले घटनाभइ कसैको ज्यान गएमा, अंगभंग भएमा वा चोटपटक लागेमा त्यस्तो कार्यगर्ने व्यक्तिलाइ प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

## ३३. अनुगमन तथा मूल्याङ्कन

गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि बमोजिम गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम गरिनेछ ।

(क) गाउँपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्दा दफा २३ को (ख) बमोजिम गठित समितिसँग समन्वय गरी गर्ने छ ।

(ख) कार्यक्रम सञ्चालन भइ कार्यान्वयन भएकोमा प्राविधिकमूल्याङ्कनका आधारमा वा कार्यप्रगतिको आधारमा पेश्की दिन सकिनेछ ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्याङ्कनकाआधारमा दिइने  छ ।

(घ) अनुगमन तथा मूल्याङ्कनकाआधारमा कार्यक्रमहरूको जांचपास तथा फरफारक गरिनेछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था गाउँपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समिति मार्फत भएको पुन निर्माण र पुनसंरचना सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायत विवरण संकलन काममा सम्लग्न व्यक्तिहरूको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

## ३४. विवरण सार्वजनिक गर्नुपर्ने

विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरूको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

## ३५. पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने

राम्रो काम गर्ने उपभोक्ता समिति, कर्मचारी तथा संघ संस्थाहरूलाई समितिको सिफारिसमा बगनासकाली गाउँपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

## ३६. जाँचपास र फरफारक

यस कार्यक्रम अन्तर्गत सञ्चालित स साना कार्यक्रमहरू पनि सम्पन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफारक गराउनु पर्नेछ  ।

## ३७. प्रतिवेदन

समितिवाट भए गरेका कार्यहरूको बार्षिक प्रगति प्रतिवेदन गाउँ कार्यपालिका मार्फतगाउँ सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेशविपद् व्यवस्थापन समितिसमक्ष पेश गर्नुपर्नेछ ।

## ३८. संशोधन तथा बचाउ

(क) यस कार्यविधिमा उल्लेखित कुराहरूमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरूका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरूका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(ग) कार्यविधिमा लेखिएका कुराहरू नेपालको संविधान, २०७२, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बगनासकाली गाउँपालिकाको विपद जोखिम न्यूनीकरण सम्बन्धि व्यवस्था गर्न बनेको ऐन २०७५ र तत् सम्बन्धी नियमावली तथा प्रचलित अन्य कानूनसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।